Government of South Australia

# दक्षिण अष्ट्रेलियाको बहुसांस्कृतिक बडापत्र

***दक्षिण अष्ट्रेलियाको बहुसांस्कृतिक ऐन २०२१*** **ले बहुसांस्कृतिकता र अन्तरसांस्कृतिकतालाई अगाडि बढाउने र दक्षिण अष्ट्रेलियाको बहुसांस्कृतिक बडापत्र (बडापत्र) को व्यवस्था गरेको छ। यस बडापत्रले दक्षिण अष्ट्रेलियाका एजेन्सीहरू, संस्थाहरू, व्यवसायहरू र समुदायहरूलाई सबै दक्षिण अष्ट्रेलियाका नीति विकास र तिनीहरूका सेवाहरूको निर्माण र वितरणको लागि एक आधारको रूपमा दृष्टि र मार्गदर्शन प्रदान गर्नेछ।**

**दक्षिण अष्ट्रेलियाको बहुसांस्कृतिक बडापत्रले स्वीकार गर्दछ कि:**

- दक्षिण अष्ट्रेलियाको भूमि र पानीका परम्परागत मालिकहरू र बसिन्दाहरूका रूपमा आदिवासी मानिसहरू, जसले आफ्नो सांस्कृतिक र सम्पदाजन्य विश्वासहरूलाई सबैभन्दा लामो समयसम्म जीवित विविध संस्कृतिको रूपमा विकासलाई जारी राखेका छन्, उहाँहरूले दक्षिण अष्ट्रेलियाका आदिवासी मानिसका रूपमा महत्त्वपूर्ण ऐतिहासिक र निरन्तर भूमिका खेल्छन्।
- हामीभन्दा अगाडि आएका पुस्ताका उपलब्धि र चुनौतीहरू तथा नयाँ र उदीयमान समुदायहरूसँग मिलेर दक्षिण अष्ट्रेलियाको पहिचानलाई आकार दिन मद्दत गर्छन्।

**यो बडापत्र सबै दक्षिण अष्ट्रेलियाका बासिन्दाहरूका लागि हो र यसमार्फत निम्न कुराहरू हासिल गर्न खोज्छ:**

- सांस्कृतिक, भाषिक, जातीय र धार्मिक विविधताको पहिचानमार्फत हाम्रो समुदायलाई जोड्न।
- सबै दक्षिण अष्ट्रेलियालीहरूले हाम्रो विविधताको समृद्धि र मान्यताप्रति गहिरो समझ र सम्मानको विकास गर्नका लागि सक्रिय रूपमा अभिव्यक्त गर्न, ज्ञान, विचार र दृष्टिकोणहरू आदानप्रदान गर्ने वातावरण सिर्जना गर्न।
- बहुसांस्कृतिक नीतिहरूको विकास र हाम्रा समुदायहरूलाई फाइदा पुग्ने र हाम्रो राज्यको उन्नतितर्फ डोऱ्याउने सेवाको वितरणलाई एक आधार प्रदान गर्न।
- सबै दक्षिण अष्ट्रेलियालीहरूका लागि समावेशी र जवाफदेही कार्यस्थल र समुदायको निम्ति प्रोत्साहन गर्न।

## बडापत्रका सिद्धान्तहरू

दक्षिण अष्ट्रेलियाको बहुसांस्कृतिक बडापत्रले सिद्धान्तहरूलाई तय गर्दछ जस अनुसार सबै दक्षिण अष्ट्रेलियालीहरूले:

१. सांस्कृतिक, भाषिक, जातीय र धार्मिक विविधता र यसले हाम्रो राज्यको लागि गरेको योगदान, र त्यसको निरन्तरताको पहिचान, सम्मान तथा महत्व दिन्छन्।

२. हाम्रो सांस्कृतिक, भाषिक, जातीय र धार्मिक विविधताको ज्ञान र समझको पारस्परिक आदानप्रदानमा संलग्न हुन प्रोत्साहन दिन्छ।

३. एकताबद्धता भएको समाजमा जीवनका सबै पक्षहरूमा फस्टाउनको लागि बाँच्न, काम गर्न र अध्ययन गर्न सक्षम हुन्छन्।

४. सांस्कृतिक, भाषिक, जातीय र धार्मिक पृष्ठभूमिमा आधारित भेदभावबाट पारस्परिक सम्मान, समझदारी, निष्पक्षता, सुरक्षा र स्वतन्त्रताको अधिकार पाउँछन्।

५. आफ्नो सांस्कृतिक, भाषिक र धार्मिक विविधताको संरक्षण, अभिव्यक्ति, अभ्यास र उत्सव मनाउन कानुनी रूपमा सक्षम हुन्छन्।

६. हाम्रो राज्यको शैक्षिक, सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक जीवनमा सहभागितालाई सहयोग गर्ने अवसर र सेवाहरूमा समान पहुँच पाउँछन्।

Honourable Peter Malinauskas MP
Premier of South Australia

Honourable Zoe Bettison MP
Minister for Multicultural Affairs

Damien Walker
Chief Executive
Department of the Premier and Cabinet

दक्षिण अष्ट्रेलियाको बहुसांस्कृतिक आयोगलाई दक्षिण अष्ट्रेलियाली बहुसांस्कृतिक बडापत्रको विकासमा योगदान पुऱ्याएकोमा आभार व्यक्त गर्दछ। Nepali / नेपाली